आज मिति २०७६ चैत्र २४ गते यस राक्सिराङ गाउँपालिका विपद् व्यवस्थापन समितिको संयोजक श्री राजकुमार मल्लज्यूको संयोजकत्वमा तपशिल बमोजिमका महानुभावहरु को उपस्थितिमा निम्न प्रस्तावहरुमाथी छलफल गर्दै निर्णय गरियो :-

उपस्थिति :

१. संयोजक श्री राजकुमार मल्ल
२. संविधानसभा सदस्य श्री राजाराम स्याङ्तान
३. संविधानसभा सदस्य श्री गोविन्दराम चेपाङ
४. बागमती प्रदेश प्रदेश सभा सदस्य मा. श्री ओम ब बलान
५. रागापा उपाध्यक्ष श्री निर्मला हिम्दुङ
६. प्रमुख प्रशासकिय अधिकृत श्री युवराज आचार्य
७. सदस्य सचिव (वि.व्य.स.) श्री गोविन्द अधिकारी
८. १ नं. वडा अध्यक्ष श्री कान्छाराम कुम्वा
९. २ नं. वडा अध्यक्ष श्री सूर्यबहादुर मोक्तान
१०. ३ नं. वडा अध्यक्ष श्री बाबुलाल स्याङ्तान
११. ४ नं. वडा अध्यक्ष श्री संजय कोईराला
१२. ५ नं. वडा अध्यक्ष श्री चन्द्रसिंह प्रजा
१३. ६ नं. वडा अध्यक्ष श्री सिङ्लाल प्रजा
१४. ७ नं. वडा अध्यक्ष श्री कुल ब. चेपाङ
१५. ८ नं. वडा अध्यक्ष श्री रामकृष्ण प्रजा
१६. ९ नं. वडा अध्यक्ष श्री रामकुमार वाल्वा थिङ
१७, ईश्वर कु. रुम्वा जि. स. प्रे. हा.
१८. प्रकाश रिजाल जै. र. सा. कारी सं. चा.
१९. हस्त बहादुर मुक्तान (नेकपा प्रतिनिधि)
२०. चित्र बहादुर थिङ ने. रे. सो. उपशाखा सभापती
२१. राजकुमार ठकुरी निर्माण व्यवसायी एशियाली संयोजक
२२) दिपक कु. कोइराले वि. नि. स. संयोजक
२३) प्र. अ. प्रभुनारायण यादव प्रहरी चौकी चौनपुर
२४) [illegible]

२५) पञ्चिक ३. पा. नं- प्रतिनीधी - विष्णुराम कलाती

२६) रुपक सुवेदी इन्टेक्नेस्ट ह. गां. पा.
२७) कुबेर राउत मजदुर किसान
२८) शिवकुमार आरसी मनहरी एफएम
२९ जयराम पुलामी "
३० उमेश राई "
३१ बिरेन्द्र जिम्बा नेपाली कांग्रेस मकवानपुर
३२ रमेश बलोनिया - स्वक्रिय सचिव -

प्रस्तावहरु :

१. वडास्तरीय विपद् व्यवस्थापन समितिहरुलाई क्रियाशील बनाउने सम्बन्धमा,
२. राहत वितरण सम्बन्धमा,
३. आवत- जावत तथा जमघटलाई कडाई गर्ने सम्बन्धमा,
४. गाउँपालिका स्तरीय गुनासो सुनुवाई समिति गठन सम्बन्धमा
५. मोबाईल पसल सञ्चालन सम्बन्धमा
६. विविध

निर्णयहरु :

निर्णय १. प्रस्ताव नं. १ माथी छलफल गर्दा राक्सिराङ्ग गाउँपालिकाको गाउँपालिका विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ अनुसार वडास्तरीय विपद् व्यवस्थापन समितिहरुलाई क्रियाशिल गराई COVID-19 रोग नियन्त्रण तथा रोकथाममा महत्त्वपूर्ण भूमिका निभाई राहत वितरण कार्यमा लक डाउनको कारणले जोखिममा परेकाहरुको पहिचान गरी वडा समितिलाई सिफारीस गर्न निर्देशन दिने निर्णय गरियो।

निर्णय २. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालीका भित्र कोरोनाको माहामारी नियन्त्रण गर्दा लकडाउनको कारणले जीवन यापनमा कठीनाई भोगीरहेका, ज्याला मजदुरी गर्ने श्रमिक को, एकल महिला, भूमिहीन

सुकुम्वासी एवं विपन्न व समुदायका मानीसहरुलाई खाद्य सुरक्षाको प्रत्याभूति दिलाउन वडास्तरीय विपद व्यवस्थापन समितिको सिफारीसमा सम्पूर्ण वडासमितिहरु मार्फत तपशील बमोजिमको आकारमा राहत वितरण गर्ने निर्णय गरियो।

तपसील:

| | | |
|---|---|---|
| प्रतिपरिवार | चामल | - १५ kg. |
| " | दाल | - २ kg |
| " | तेल | - १ लिटर |
| " | नून | - २ kg |
| " | साबुन | - १ ओटा |

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विभिन्न नाका एवं सार्वजनिक स्थल, बाटोघाटो, पसल बजार जस्ता क्षेत्रहरुमा ~~जनसमुदायको~~ मानीसहरुको आवत-जावत तथा जमघट हुने क्रम विद्यमान रहेकाले उक्त आवत-जावत तथा जमघटलाई कडाई गर्दै COVID-१९ को महामारी नियन्त्रणमा सहयोग पुर्याउने निर्णय गरियो।

निर्णय नं: ४: प्रस्ताव नं. ४ माथी छलफल गर्दा COVID-19 महामारी नियन्त्रणको सन्दर्भमा राहत वितरण तथा अन्य कार्यक्रमहरु सञ्चालन सम्बन्धमा लाभग्राहीहरुमा कुनै गुनासो तथा उजुरी भएमा उक्त उजुरी तथा गुनासो सुनुवाई तथा निवारण समिति मार्फत गर्ने गरी निम्नानुसारको गुनासो सुनुवाई समिति गठन गर्ने निर्णय गरियो;

संयोजक : श्री निर्मला हिमडुङ्ग (उपाध्यक्ष)
सदस्य : श्री रामकृष्ण प्रजा (८ नं. वडा अध्यक्ष)
सदस्य : श्री बाबुलाल स्याङ्तान (२ नं. वडा अध्यक्ष)
सदस्य सचिव : श्री गोविन्द अधिकारी (सा. वि. अ.)

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथी छलफल गर्दा प्रत्येक वडाहरूमा ~~खाद्य~~ अत्यावश्यक खाद्य सामाग्रीहरु आपूर्ति सम्बन्धमा प्रत्येक वडाहरूमा मालवाहक सवारी साधनमा मोबाईल ~~फोन~~ पसल सञ्चालन गर्ने गरी स्थानीय व्यवसायीहरुलाई आह्वान गरी अत्यावश्यक सामाग्रीहरुको परिपूर्तीको व्यवस्थालाई सहजीकरण गर्ने निर्णय गरियो।

निर्णय नं. ६ : विविध विषयमा छलफल गर्दा COVID-19 महामारी नियन्त्रण तथा रोकथामको लागी आवश्यक स्वास्थ्य सामाग्री र राहत वितरणको लागी आवश्यक खाद्यान्न विपद् व्यवस्थापन कोषबाट खरिद गर्ने। साथै विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम र उक्त कोषबाट खर्च भएको रकम विपद व्यवस्थापन समितिको आगामी बैठकमा सार्वजनिक गर्ने।

विपद् व्यवस्थापन कोषमा हालसम्म सहयोग गर्ने सहयोगी महानुभावहरु, राजनीतिक दल, लगायत सम्पूर्ण संघ संस्थाहरुलाई धन्यवाद गर्ने। साथै प्रत्येक वडामा COVID-19 नियन्त्रण तथा रोकथाममा सहयोग पुऱ्याउन ३ देखी ५ जना सम्मिलित ~~स्वयं सेवी~~ स्वयं सेवक समूह गठन गर्ने निर्णय गरियो।